दुहुँ गाउँपालिका

# दुहुँ राजपत्र

खण्ड - २ संख्या - ४ मितिः २०७५।११।०५

## भाग - १

## दुहुँ गाँउपालिकाको संघ संस्था दर्ता सम्बन्धी ऐन,२०७५

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति | २०७५।१०।२८ |

## दुहुँ गाँउपालिकाको संघ संस्था दर्ता सम्बन्धी ऐन,२०७५

गाउँसभाबाट पारित मिति २०७५।१०।२८

प्रस्तावनाः यस दुँहु गाँउपालिकाको क्षेत्रभित्र सामाजिक,आर्थिक,साहित्यिक,बैज्ञानिक,शैक्षिक,बौद्धिक,शारीरिक,व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न नेपालको संविधानको भाग १८ ले दिएको अधिकार प्रयोग गरी दुँहु गाँउपालिकाको संस्था दर्ता ऐन २०७५ दुँहु गाँउ सभाले तर्जुमा गरी लागु गरिएको छ ।

**१.संक्षिप्त नाम** : (१) यस ऐनको नाम दुँहु गाँउपालिकाको संघ संस्था दर्ता ऐन २०७५ रहेको छ ।

दुहुँ गाउँपालिका

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) “संस्था” भन्नाले सामाजिक,धार्मिक,साहित्यिक,सांस्कृतिक,बैज्ञानिक,शैक्षिक,बौद्धिक,शारीरिक,व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था,क्लब,मण्डल,परिषद,अध्ययन केन्द्र आदि सम्झनु पर्दछ र सो शब्दले मैत्री संघ समेतलाई जनाउछ ।

(ख) “गाँउपालिका ”भन्नाले दुँहु गाँउपालिकालाई सम्झनु पर्दछ ।

(ग) “गाँउपालिका अध्यक्ष” भन्नाले दुँहु गाँउपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

(घ) “प्रबन्ध समिति ”भन्नाले संस्थाको विधान बमोजिम गठन भएको प्रबन्ध समिति सम्झनुपर्दछ ।

(ङ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अर्न्तगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

**(३) दर्ता नगरी संस्था खोल्न नहुने** : यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुदैन ।

**(४) संस्थाको दर्ता** : (१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्थासम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित गाँउकार्यपालिका समक्ष निवेदन दिनेछ ।

(क) संस्थाको नामः

(ख) उद्देश्यहरु :

(ग) प्रबन्ध समितिका सदस्यहरुको नाम,ठेगाना र पेशा :

(घ) आर्थिक स्रोत :

(ङ) कार्यालयको ठेगाना :

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि गाँउपालिका अध्यक्षले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ ।

(३) गाँउपालिका अध्यक्षले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्तो सूचना निवेदकलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैतिस दिन भित्र नेपाल सरकारले तोकेको अधिकारी समक्ष उजुरी गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछि नेपाल सरकारले तोकेको अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिब ठहराएमा सो संस्था दर्ता गर्न गाँउपालिका अध्यक्षलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश अनुसार गाँउपालिका अध्यक्षले संस्था दर्ता गनुपर्नेछ ।

(५) यस दफा अर्न्तगत दिइने प्रमाणपत्रको ढाँचा ,अवधि,नविकरण र नविकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

**५. संगठित संस्था मानिने :**(१) यस ऐन अर्न्तगत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न ,उपभोग गर्न र बेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

**६. संस्थाको सम्पत्ति :** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा,कब्जा गरेमा वा रोक्का राखेमा गाँउकार्यपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने,कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी गाँउकार्यपालिकाले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले प्रचलित कानूनले तोकेको अधिकारी समक्ष पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखित प्रतिष्ठा  विरुद्ध कुनै अपराध वा विराम गरेमा संस्था,संस्थाको कुनै सदस्य वा गाँउपालिका अध्यक्षले प्रचलित कानून बमोजिम मुद्धाको कारवाही चलाउन सक्नेछ ।

**७. अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने :** यो ऐन प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता नभई स्थापना भई रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तिन महिना भित्र यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ ।

**८. संस्थाको उद्देश्यहरुमा हेरफेर** : (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्था गाभ्न उचित देखेमा सो संस्थाको प्रबन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा सर्मथन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ  तर सो प्रस्ताव लागु गर्न गाँउपालिका अध्यक्षको पूर्व स्वीकृति लिनुपर्नेछ ।

**९. हिसाबको विवरण पठाउनु पर्ने :** प्रबन्ध समितिले सामाजिक परिक्षण गरी आफ्नो संस्थाको हिसाबको विवरण लेखा परिक्षकको प्रतिवेदन सहित प्रत्येक बर्ष गाँउकार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

**१०. हिसाब जाँच गर्ने :** (१) गाँउपालिका अध्यक्षले आवश्यक देखेमा संस्थाको हिसाव आफुले तोकेको कुनै अधिकृत स्तरको कर्मचारी वा पदाधिकारीद्धारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बाफत गाँउपालिका अध्यक्षले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा  पाँच प्रतिशतमा नबढाई आफुले निर्धारित गरेको दस्तुर असुल गरि लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी,,सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाव जाँच गर्ने अधिकृतले गाँउपालिका अध्यक्षले तोकेको म्याद भित्र हिसाव जाँचको प्रतिवेदन गाँउपालिका अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ । र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी ,सदस्य वा कर्मचारीले हिनामिना गरेको ,नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने गाँउपालिका अध्यक्षलाई लागेमा निजले त्यस्तो पदाधिकारी ,सदस्य वा कर्मचारीबाट  सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारवाही चलाउन सक्नेछ

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्धा चलाउन लगाउनेछ ।

**११.निर्देशन दिन सक्ने :** संघीय वा प्रदेश सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१२. दण्ड सजाय :** (१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाको प्रबन्ध समितिका सदस्यहरुलाई गाँउपालिका अध्यक्षले जनही रु दश हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजम हिसाबको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यहरुलाई गाँउपालिका अध्यक्षले जनही तीन हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ तर कुनै सदस्यले दफा ९ उलंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा १० को उपदफा ३ बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृत वा पदाधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको उत्तर नदिने सम्बन्धित पदाधिकारी,सदस्य वा कर्मचारीलाई गाँउपालिका अध्यक्षले रु एक हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम गाँउपालिका अध्यक्षको स्वीकृती नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासंग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकुल हुने गरी काम कारवाही गरेमा वा संघीय वा प्रदेश सरकारले दिएको निर्देशन पालन नगरेमा गाँउपालिका अध्यक्षले त्यस्तो संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ ।

**१३. पुनरावेदन :** दफा १२ बमोजिम गाँउपालिका अध्यक्षले गरेको अन्तिम निर्णय उपर ३५ दिन भित्र तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ ।

**१४.संस्थाको विघटन वा त्यसको परिणाम :** (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको जायजेथा गाँउकार्यपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको दायित्वको हकमा सो संस्थाको जाय जेथाले थामेसम्म त्यस्तो दायित्व गाँउकार्यपालिकाले व्यहोर्ने छ ।

**१५.नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वन गर्न गाँउकार्यपालिकाले नियम बनाउन सक्नेछ ।

**१६. अधिकार प्रत्यायोजन** : यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम बमोजिम प्राप्त अधिकारहरुमध्ये सबै वा कुनै अधिकार गाँउपालिका अध्यक्षले आफू मुनिका पदाधिकारी वा कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१७. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने :** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेछ ।

**१८.खारेजी र बचाँउ :** (१) संघीय वा प्रादेशिक व्यवस्थापिकाले निर्माण गरेको कानून विपरीत भएका दफा सोही अनुसार खारेज वा परिमार्जन हुनेछन।

(२) यस कानूनलाई प्रतिस्थापन हुने गरी अर्को कानून बनेर लागु नभए सम्म यसै कानून अनुसार भए गरेको मानिनेछ ।

(३) संघ संस्था दर्ता ऐन ,२०३४ अनुसार दर्ता भई दुँहु गाँउपालिकाको क्षेत्र भित्र कार्यक्षेत्र रहने गरी गठन,संचालन भैरहेका संघ संस्था यसै ऐन अनुसार दर्ता भएको मानिनेछ ।

आज्ञाले,

शिवराज भट्ट

निमित्त प्रमुख प्रशासकीय अधिकृत